Regd. No. 172459/074/75

PAN : 302100400

इष्टर्न हाइड्रोपावर लिमिटेड
EASTERN HYDROPOWER LTD.

(Pikhuwa Khola Small Hydro Power Project, Bhojpur)

पत्र संख्या :-२०८१।८२
चलानी नं. :-३५

मिति २०८१।०९।०५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : कम्पनीको आठौं वार्षिक साधारण सभा (आ.व.२०८०/८१) तथा बुक क्लोज सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८१।९।५ गते शुक्रवार दिनको ३:३० वजे बसेको संचालक समितिको वैठकको निर्णय वमोजिम यस कम्पनीको **आठौं बार्षिक साधारण सभा मिति २०८१।०९।२९ (तदनुसार १३ जनवरी २०२५)** गते विहान ११ वजे हुन गइ रहेको व्यहोरा यहाँको जानकारीको लागि अनुरोध गरिन्छ। बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१।९।१८ गते एक दिन शेयर दर्ता किताव बन्द (Book Close) रहनेछ ।

संलग्न कागजात :

साधारण सभा सम्वन्धी विस्तृत सुचना थान ..१

बोधार्थ :

१ श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२ श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,पुतलिसडक, काठमाण्डौं ।
३ श्री एनएमवि क्यापीटल लिमिटेड वालुवाटार, काठमाण्डौं ।

विनय अधिकारी
कम्पनी सचिव

इष्टर्न हाइड्रोपावर लिमिटेड

ललितपुर महानगरपालिका- १०, ललितपुर

आठौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०९।०६)

यस कम्पनीको मिति २०८१ पौष ५ गते शुक्रवार दिनको ३:३० वजे बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको आठौं (आ.व. २०८०।८१) वार्षिक साधारण सभा निम्न मिति ,समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै सभामा उपस्थितिका लागि यो सुचना प्रकाशित गरिएकोछ ।

आठौं बार्षिक साधारण सभा हुने मिति,समय र स्थान :

मिति :- २०८१ पौष २९ गते सोमवार (तदनुसार १३ जनवरी २०२५)

समय :- विहान ११:०० वजे

स्थान :- होटल हार्दिक, बागवजार, काठमाण्डौं ।

आठौं बार्षिक साधारणका छलफलका प्रस्तावहरु :

(१) सामान्य प्रस्तावहरु :-

क) कम्पनीको तर्फवाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८०/८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।

ख) कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।

ग) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

(२) विविध ।

साधारण सभा सम्बन्धी थप जानकारी :

१. बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१।९।१८ गते एक दिन शेयर दर्ता किताव बन्द (Book Close) रहनेछ ।

२. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा २ दिन अगावै अर्थात मिति २०८१/०९/२६ गते दिनको ५ बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्ने वा कम्पनीको इमेल pikhuwakhola5@gmail.com मा पठाइ सक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

EASTERN HYDROPOWER Ltd. 2017

३. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

४. सभा हुने दिन सभामा उपस्थीतीका लागि हाजीरी पुस्तीका विहान १०:३० वजे देखी खुल्ला रहने छ। सभामा भाग लिन शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र तथा शेयरप्रमाण पत्र वा हितग्राही खाता (Demat Account) मा शेयर अभौतिकरण गरिएको विवरण लिएर आउनुपर्नेछ ।

५. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं ०१-५४५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

EASTERN HYDROPOWER LTD. 2017

संचालक समितिको आज्ञाले
कम्पनी सचिव